# केदारस्युँ गाउँपालिका

# उपाध्यक्ष महिला कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८

केदारस्युँ गाउँपालिका

बझाङ्ग

केदारस्युँ गाउँपालिका

# केदारस्युँ गाउँपालिका

## उपाध्यक्ष महिला कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८

स्वीकृत मितिः २०७८/०३/०८

केदारस्युँ गाउँपालिकामा शिक्षीत महिला लाई स्वरोजगारीका अवसर श्रृजना गर्न, व्यवसायिक शिप विकास मार्फत स्वरोजगार बनाउन एवं क्षमता अभिवृद्धि गरि प्रतिस्पर्धि तथा दक्ष बनाई, आत्मनिर्भर बनाउन, स्थानिय महिलाको जीवनयापनमा सुधार ल्याइ गाउँपालिकामा महिला लाई शसक्त समाज निर्माणका संवाहक, परिवर्तनका संवाहक बनाउनुका साथै समाज निर्माणको आधार स्तम्भका रुपमा तयार गर्न सामाजिक आर्थिक रुपले सबल बनाउनका लागी केदारस्युँ गाउँपालिकामा केदारस्युँ गाउँपालिका उपाध्यक्ष महिला कार्यक्रम ( सञ्चालन तथा व्यवस्थापन) को यो कार्यविधि तर्जुमा गरी लागू गरेको छ।

### परिच्छेद १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**ः (१) यो कार्यविधिको नाम “ केदारस्युँ गाउँपालिका उपाध्यक्ष महिला कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८” रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) “उपाध्यक्ष” भन्नाले केदारस्युँ गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ।

(ख) “कार्यपालिका” भन्नाले केदारस्युँ गाउँकार्यपालिकालाई सम्झनु पर्दछ।

(ग) “महिला शाखा” भन्नाले केदारस्युँ गाउँपालिका को महिला हेर्ने शाखा लाई सम्झनु पर्ने छ।

(घ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले केदारस्युँ गाउँपालिका को प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनु पर्दछ।

(ङ)) “प्राविधिक शाखा” भन्नाले केदारस्युँ गाउँपालिका को प्राविधिक शाखा लाई सम्झनु पर्ने छ।

(च) “शिक्षीत महिला” भन्नाले केदारस्युँ गाउँपालिकाका कक्षा १२ वा सो भन्दा माथि अध्ययन गरेका १८ देखि ४५ वर्ष सम्मका बेरोजगार महिला लाई सम्झनु पर्दछ।

केदारस्युँ गाउँपालिका

## परिच्छेद २

### ३.कार्यक्रम

(१)कायर्क्रमको दीर्घकालीन सोचः महिलाका लागी रोजगारी तथा स्वरोजगारको प्रत्याभूति मार्फत शिक्षित महिलाको जीवनस्तरमा सुधार ल्याउनु यो कार्यक्रमको दीर्घकालीन सोच हुनेछ ।

(२)कार्यक्रमको लक्ष्य:आन्तरिक रुपमा शिक्षित महिलाको कृषि, पशुपालन तथा व्यापार व्यवसाय मा स्वरोजगारी तथा सार्वजनिक रोजगारीका अवसर प्राप्तीका लागी सक्षम बनाउनु र सामाजिक आर्थिक रुपमा महिला लाई शसक्त बनाउनु यो कार्यक्रमको लक्ष्य हुनेछ ।

(३)कार्यक्रमको उद्देश्य:यस कार्यक्रमको उद्देश्य देहाय अनुसार रहेका छन्: (क) पशुपालन , कृषि तथा अन्य व्यापार व्यवसायमा महिलाको सहभागिता बढाई स्वरोजगार बनाउने ।(ख) दक्ष तथा सक्षम महिला जनशक्ति विकास गरी आन्तरिक रोजगारी तथा स्वरोजगारीको प्रवर्द्धन र विस्तार गर्ने ।(ग) कृषि तथा पशुपालन व्यवसाय र अन्य व्यवसायमा स्वरोजगारीका अवसर सिर्जना गर्ने ।(घ) आन्तरिक रोजगारी सिर्जनाका लागि आवश्यक नीतिगत व्यवस्था गर्ने । (ङ) महिलालाई सामाजिक आर्थिक रुपमा सबल बनाउन शिप विकास सम्बन्धी तालिम, व्यवसायिक क्षमता विकास तालिम आदिको सञ्चालन गरि महिलाको क्षमता विकासमा सहायता प्रदान गर्ने ।

(४) कार्यक्रमको रणनीति:यस कार्यक्रमको कार्यान्वयन गर्न निम्नानुसारका रणनीतिहरु लिइनेछ:

(क)स्थानीय स्तरमा स्वरोजगारीको प्रवर्द्धनका लागि कृषि तथा पशुपन्छी पालन व्यवसायमा शिक्षित महिलालाई आर्कर्षित गर्ने। (ख)रोजगारी सिर्जनाका लागि अन्तरक्षेत्रगत तथा अन्तर तहगत समन्वय गर्ने । (ग)सीपमूलक तालिममार्फत बजारको माग अनुरुपको श्रमशक्ति विकास र आपूर्ति गर्ने ।(घ)तालिम, रोजगार सूचना तथा परामर्श र वित्तीय सहयोग मार्फत महिला रोजगार तथा स्वरोजगारका अवसरहरुको सिर्जना गर्ने । (घ)रोजगारी सिर्जनामा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसँग सहकार्य गर्ने । (ङ) सार्वजनिक सेवाका लागी महिलालाई प्रतिस्पर्धी बनाउने।

(५)कार्यक्रमको क्षेत्र:(क)यो कार्यक्रम क्षेत्र केदारस्युँ गाउपालिका हुनेछ ।

(६) कार्यक्रमका लक्षित समूह:यस कार्यक्रमका लक्षित समूह १८ देखि ४५ वर्ष उमेर समूहको शिक्षित बेरोजगार महिला हुनेछन्।

## परिच्छेद ३

### शिपमूलक स्वरोजगार मुलक तालिम छनौट प्रक्रिया

४. **निवेदन आव्हान**: महिला शाखाले भाद्र महिनामा १५ दिनको समय दिई बेरोजगार महिला हरुबाट तालीमका लागी कार्यपालिकाले छनोट गरेको कम्तीमा १५ विषय राखि तालिममा सहभागी

हुन चाहने महिलालाई निवेदन दिन आव्हान गर्नु पर्ने छ । महिला शाखाले निवेदन संकलन गरि सूचि तयार गरि सूचिकरणका लागी रोजगार शाखामा दिनु पर्नेछ ।

५. **तालिमका विषय छनौटः** पेश भएका निवेदनहरुबाट अधिकत्तम इच्छाइएका बढी निवेदकले रुचाएका कम्तिमा ३ विषय महिला शाखा ले छनोट गर्ने छ र कार्यपालिकामा पेश गर्नेछ । बजेटको परिधि भित्र रहि कार्यपालिकाले तालिमको विषयहरु छनोट गर्ने छ ।

६. **तालिम प्रदायक संस्था छनोटः** कम्तिमा १८ जनालाई सहभागिता गराउने गरि तालिम प्रदायक संस्था छनोटका लागी १५ दिनको समय दिई असोज मसान्त भित्र प्रस्ताव आव्हान गरि गाउँपालिका ले उत्कृष्ट तिन तालिम प्रदायक छनोट गरि कार्यपालिकामा सिफारिस गर्नुपर्ने छ । कार्यपालिकाले निर्णय गरि एक तालिम प्रदायक छनोट गर्नेछ ।

## परिच्छेद ४

## स्वरोजगार मूलक तथा शिप मूलक तालिम सञ्चालन प्रक्रिया

७. **सहभागी छनोट** : महिला शाखाले वडा बाट संकलन भएका निवेदन बाट हरेक वडाका वडा अध्यक्षको रोहबरमा समान सहभागी हुने गरि सहभागी छनोट गर्नु पर्नेछ । सहभागीको सूचि महिला शाखाले रोजगार शाखा मा सूचना प्रणालीमा प्रविष्ट गर्नका लागी पेश गर्नु पर्नेछ ।

८. **तालिम सञ्चालनः मंसिर महिनाको पहिलो साताबाट तालिम सञ्चालन हुनेछ ।**

९. **तालिमको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदनः** (१) तालिमको अनुगमन महिला र रोजगार शाखा तथा अनुगमन समितिले नियमित रुपमा गर्नु पर्नेछ ।

(२)तालिमको नियमित प्राविधिक सुपरिवेक्षण र अनुगमन प्राविधिक शाखाले गर्नु पर्नेछ ।

(३) तालिमको मूल्याङ्कन प्राविधिक शाखाले र प्रतिवेदन महिला शाखाले नियमित रुपमा गर्नु पर्नेछ ।

१०. **तालिमको अन्तिम मूल्याङ्कन तथा कार्य सम्पन्न प्रतिवेदनः** प्राविधिक शाखाले तालिमको अन्तिम मूल्याङ्कन र कार्य सम्पन्न प्रतिवेदन तयार गर्नेछ ।

११. **स्वरोजगार हुनुपर्ने :** तालिम सम्पन्न पश्चात सहभागि बेरोजगार महिला स्वरोजगार भई नियमित आय आर्जन गरि आत्मनिर्भर भएको हुनुपर्ने छ । यस्को अनुगमन नियमित रुपमा गाउँपालिकाले गर्ने छ । एक पटक गाउँपालिकाको कुनै पनि शिप मूलक तालिममा सहभागी भइसकेका महिला लाई पुनः कुनै तालिममा सहभागी गराइने छैन ।

१२. जरिवाना तोक्नेः अनुगमन गर्दा तालिममा सहभागी महिला स्वरोजगार भई आत्मनिर्भर नभएको पाइएमा त्यस्तो महिलालाई स्वरोजगार हुन १ महिना को समय दिई अनुरोध गर्ने र सो अवधिमा निज स्वरोजगार नभएमा गाउँकार्यपालिकाले रु ५०००० देखि रु एक लाख सम्म जरिवाना तोक्न सक्नेछ ।

## परिच्छेद ५

## क्षमता विकास तालिम छनौट प्रक्रिया

१३. **क्षमता विकास तालिम छनौट प्रक्रियाः** गाउँ कार्यपालिकाले महिलाको क्षमता विकासका लागी कम्प्युटर कक्षा , लोकसेवा तयारि कक्षा लगायतका कक्षा सञ्चालनका लागी वार्षिक रुपमा योजना छनोट गर्नु पर्ने छ ।

१४. सहभागी छनोटः वडा कार्यालय ले आआफ्नो वडाबाट, छनोट भएका क्षमता विकास तालिमका लागी सहभागी छनोट गरि पठाउनु पर्नेछ । सहभागी को सूची महिला शाखामा पठाउनु पर्नेछ ।

१५. तालिम प्रदायक संस्था छनोटका लागी आव्हान : महिला शाखाले छनोट भएको क्षमता विकास तालिमका लागी मंसिर महिनामा १५ दिनको समय दिइ तालिम प्रदायक संस्था छनोटका लागी आव्हान  गर्नु पर्ने छ ।

१६. तालिम प्रदायक संस्था छनोट :महिला शाखाले आवेदक मध्य उत्कृष्ट तिन तालिम प्रदायक संस्था छनोट गरि कार्यपालिका लाई छनोटका लागी सिफारिस गर्नु पर्ने छ । तिन मध्ये कार्यपालिकाले एक तालिम प्रदायक संस्था छनोट गर्नेछ ।

१६. तालिम सञ्चालनः महिलाको क्षमता विकासका लागी छनोट भएको तालिम माघ महिना भित्र शुरु  गर्नु पर्ने छ ।

१७. **तालिमको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदनः** (१) तालिमको अनुगमन महिला र रोजगार शाखा तथा अनुगमन समितिले नियमित रुपमा गर्नु पर्नेछ ।

(२)तालिमको नियमित प्राविधिक सुपरिवेक्षण र अनुगमन प्राविधिक शाखाले गर्नु पर्नेछ ।

(३) तालिमको मूल्याङ्कन प्राविधिक शाखाले र प्रतिवेदन महिला शाखाले नियमित रुपमा गर्नु पर्नेछ ।

१८. **तालिमको अन्तिम मूल्याङ्कन तथा कार्य सम्पन्न प्रतिवेदनः** प्राविधिक शाखाले तालिमको अन्तिम मूल्याङ्कन र कार्य सम्पन्न प्रतिवेदन तयार गर्नेछ ।

## परिच्छेद ६

## बजेट व्यवस्थापन

१९. **बजेट**

(१)गाउँ सभाले यस कार्यक्रमका लागी वार्षिक रुपमा निति तथा कार्यक्रमका लागी विनियोजन गरिएको बजेट रकम बाट बजेट व्यवस्थापन गरिनेछ ।

(२) कार्यक्रमको कार्यान्वयन गरि महिलालाई शिप युक्त बनाई स्वरोजगार बनाउन वजेट खर्च गरिने छ तथा महिलाको क्षमता विकासका लागी वजेट खर्च गरिनेछ ।

(३) लेखा शाखाले उपदफा (१) बमोजिम प्राप्त भएको बजेटको संचालन छुट्टै हिसाव देखिने गरी गर्नुपर्नेछ । यस्तो बजेट कार्यविधिले उल्लेख गरेको विषयमा बाहेक अन्यत्र खर्च गर्न पाइनेछैन ।

२०. अनुगमन, मूल्यांकन तथा प्रतिवेदन : (१) नियमित अनुगमन तथा मूल्यांकनः यस कार्यक्रम अन्तर्गत सञ्चालन हुने तालिमहरुको नियमित रुपमा अनुगमन तथा मूल्यांकन गाउँ कार्यपालिका को कार्यालयले गर्नु पर्नेछ ।

२१. खर्च व्यवस्थापन प्रक्रियाः (१) तालिम आयोजना सञ्चालन गर्दा गाउँकार्यपालिकाले सार्वजनिक खरिद ऐन तथा नियमावलीको परिधिभित्र रहेर गर्नु पर्नेछ ।

(२) कार्यक्रमका लागी प्राप्त गरेको रकमको अनुशासित र पारदर्शी रुपमा खर्च गर्ने तथा स्रेस्ता व्यवस्थापन गर्ने र खर्चको प्रतिवेदन सार्वजनिक गर्ने जिम्मेवारी सम्बन्धित लेखा शाखाको हुनेछ ।

(३) लेखाशाखाले आन्तरिक तथा अन्तिम लेखापरिक्षण गराई सोको प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

## परिच्छेद ७

## विविध

२२. सार्वजनिक परीक्षणः महिला शाखाले कार्यक्रमका लागी प्राप्त रकम र खर्चको विवरणको सार्वजनिक परीक्षण गराउनु पर्नेछ ।

२३. पारदर्शिता र उत्तरदायित्वः कार्यक्रम सञ्चालन गर्दा पारदर्शिता र उत्तरदायित्व कायम गर्नु पर्नेछ ।

२४. खर्चको विवरण अद्यावधिक गर्नुपर्नेः कार्यक्रमको लागत तथा खर्च, महिला शाखा प्रमुखले प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

२५. बाधा अड्काउ फुकाउन र व्याख्या गर्न सक्नेः गाउँकार्यपालिकाले यस कार्यविधिको कार्यान्वयनमा आइपर्ने बाधा, अड्काउ फुकाउन वा कुनै द्विविधालाई स्पष्ट गर्न आवश्यक निर्णय गर्न सक्नेछ ।

२६. अनुसूचीमा हेरफेर गर्न सक्ने : गाउँकार्यपालिकाले यस कार्यविधिको अनुसूचीहरुमा आवश्यक हेरफेर गर्न सक्नेछ ।

केदारस्युँ गाउँपालिका

अनुसुचि १

(दफा ४ सँग सम्बन्धित)

शिपमूलक /स्वरोजगार मूलक तालिम सहभागीताका लागी निवेदन

श्री वडा कार्यालय, मितिः .........................
वडा नं .....
केदारस्युँ गाउँपालिका,बझाङ्ग जिल्ला

केदारस्युँ गाउँपालिका शिपमूलक /स्वरोजगार मूलक तथा क्षमता विकास तालिममा सहभागी भई म आय आर्जन हुने स्वरोजगारमा संलग्न हुन चाहेको र यस अघि कुनै शिपमूलक /स्वरोजगार मूलक तालिममा सहभागी नभएकाले केदारस्युँ गाउँपालिका उपाध्यक्ष महिला कार्यक्रम द्वारा संचालित तालिममा सहभागी हुन इच्छुक भएकाले देहाय बमोजिमको विवरण सहित यो निवेदन पेश गरेको छु ।

१. **नाम, थर:** ..........................................................................................

ना.प्र.नं. : ..................................... जारि जिल्ला : ......................... जारि मिति : ...................

२. शैक्षिक योग्यताः उर्तिण गरेको तह (कुनै एकमा √ लगाउनुहोस ) : प्रविणता (कक्षा १२ ) । स्नातक । स्नातकोत्तर

प्राप्ताकं । श्रेणि : .....................

३. **पारिवारिक विवरण:**

(अ) **वर्ग / समूह:** (तपाईं आफूलाई कुन वर्ग / समूहमा राख्न रुचाउनु हुन्छ ? कुनै एकमा √ लगाउनुहोस)

| क) आदिबासी जनजाती | ख) दलित | ग) वैश्य | घ) मुसलमान | ङ) ब्राह्मण | च) क्षेत्री | छ) मधेशी | ज) अन्य ......... |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

(ए) निवेदक महिला भएमा, गर्भवती वा सुत्केरी भएको महिला हो ?

(यदि 'हैन' भने प्रश्न ४ मा जानुहोस् । यदि 'हो' भने देहायको प्रश्नको उत्तर दिनु होस् )

गर्भवती: ................... महिना वासुत्केरी भएमा :..................... महिना

४. स्थायी ठेगाना: प्रदेश: ...........................जिल्ला: ................................. न.पा. / गा.पा.: .......................... वडा नं.: .........

५. सम्पर्क विवरण (उपलव्ध भए सम्म) मोबाइल नं. ............................................... इमेल: ...........................................

६. आवेदकको मुख्य पेशा (कुनै एकमामात्र √ लगाउनुहोस):

| क्र.सं. | पेशा | | क्र.सं. | पेशा | |
|---|---|---|---|---|---|
| क) | कृषि तथा पशुपालन | | ख) | गृहणी (महिला भएमामात्र) | |
| ग) | विद्यार्थी (अध्ययनरत भएमा | | घ) | ज्याला मजदुरी | |

केदारस्युँ गाउँपालिका

| | | | | | |
|---|---|---|---|---|---|
| | मात्र) | | | | |
| ङ) | बेरोजगार | | च) | उद्योग तथा व्यापार | |
| छ) | नोकरी तथा जागीर | | ज) | वैदेशिक रोजगारी | |
| झ) | व्यावसायिक कार्य | | ञ) | अन्य ........................................... | |

७. निवेदक संग भएका सीपको विवरण:

| सीपको विवरण | दक्ष / अर्धदक्ष |
|---|---|
| | |
| | |
| | |

८. तालिमका विषय। क्षेत्र :( सहभागी हुन चाहेको कुनै एकमा √ लगाउनुहोस ) .......... .......... .......... ........ ........... (गाउँपालिकाले छनोट गरेका तालिमका विषयहरु)

९. उपरोक्त बमोजिमको विवरणहरु साँचो हो, झुठा ठहरे कानून बमोजिम सहुँला / बुझाउँला भनि सहिछाप गर्ने ।

निवेदकको नाम: ............................................. मिति: ................................................ हस्ताक्षर ...................................

| दायाँ | बाँया |
|---|---|
| | |

[कार्यालय प्रयोजनको लागि]

निवेदन दर्ता मिति: ...................................................

उपरोक्त विवरणहरु पूर्ण तथा सहि छन् भनि प्रमाणित गर्ने वडा कार्यालयको अधिकारी

नाम: ..................................................... पद: ................................................... हस्ताक्षर ....................